CITIZEN ACTION PARTY -SIKKIM
सिटिजन एक्सन पार्टी -सिक्किम
(For Reforms in Sikkim)

**Ref No: 071/ CAP/ GTK/SK/23** **Dated: 28th May 2023**

# प्रेस विज्ञप्ति

सिटिजन एक्सन पार्टी-सिक्किमको क्षेत्र स्तरीय सभा गेजिङ जिल्लाको योकसाम-टाशिडिङ निर्वाचन क्षेत्रको माङसाबुङ डाँड़ामा सम्पन्न भयो। सभाको योकसाम-टाशिडिङ क्षेत्रका क्षेत्र अध्यक्ष कर्म ल्यान्डुप लेप्चाको अध्यक्षतामा बस्यो भने पार्टीका प्रमुख समन्वयक श्री गणेश कुमार राई मुख्यअतिथिको रूपमा उपस्थित रहनुभयो भने पार्टीका कार्यकारी अध्यक्ष सङ्गठन श्री डीबी चौहान, प्रचार शाखाका कार्यकारी अध्यक्ष एमबी लिम्बू, प्रण्टल काइनशीलका कार्यकारी अध्यक्ष श्री नरेन्द्र अधिकारी, कार्यकारी अध्यक्ष श्री ओङ्दिला भोटिया, गेजिङ जिल्ला अध्यक्ष श्री पुजन खड़का, पार्टीका उपाध्यक्ष संयोजक श्रीमति निमा लमु भोटिया, युत काइनशील की अध्यक्षा श्रीमति तारा गुरूङ, योकसाम टाशिडिङ क्षेत्रका वरिष्ट नेता श्री जिग्मी डेन्जोङपा, प्रचार-प्रसार शाखाका श्री खहेन्द्र दाहाल, श्री मोहन ठटाल लगायत विभिन्न काइनशीलका नेतागण अनि योक्सम टाशिडिङ क्षेत्रका कार्यकर्ताहरूको सहभागिता रह्यो।

आजका कार्यक्रममा 40 भन्दा अधिक जनताले सिटिजन एक्सन पार्टी-सिक्किममाथि भरोशा राखी पार्टीमा विधिवत रूपले सामेल भए। सभालाई सम्वोधन क्रममा पार्टीका प्रमुख समन्वयक श्री गणेश कुमार राईले माङ्साबुङको लिम्बू भाषामा साब्दीक अर्थ देवी देउता बस्ने ठाउँ रहेको बताउँदै पार्टीले यस देव भूमिबाट क्षेत्रको पहिलो सभा गरेर सिक्किमे जनतालाई न्याय दिलाउने वचन दिए। योक्सम टाशिडिङ क्षेत्र पर्यटनको निम्ति धैरै नामी ठाउँ रहेको तर वर्तमान सरकारमा पर्यटन विकासप्रति कुनै ठोस नीति नरहेको कारणले पर्यटन विकासमा उदासिन्ता आउनले पर्यटन व्यवसायमा संलग्न व्यवसायीहरूलाई ठूलो मार्क परिरहेको बताए। वहाँले भन्नु भयो सिक्किमको एक नम्बर क्षेत्र योक्सम टाशिडिङ विकासको क्रममा सबैभन्दा पछि छ र पूर्व अनि वर्तमान मुख्यमन्त्रीले आफ्नो निर्वाचन क्षेत्रका मात्र विकासको पूर्वधार खड़ा गर्ने तर अरू क्षेत्रहरूलाई सौतेनी आमाको व्यवहार गर्ने छलकारी नीतिको कारण सिक्किमको विकासमा सम्मानता नरहेको र सिक्किमको सबैभन्दा बेसी अलैची खेती हुने क्षेत्र योक्सम टाशिडिङका कृषकहरू अलैचीमा लागेको रोगको उपचार नपाएर हतास भएका छन् जुन सरकारको कृषि तथा वागवाणी विभागले कृषकहरूको जीवन आधार नै यसरी लथालिङ्ग हुँदा केही समाधान निकाल्न नसक्नु दुःखद विषय हो। आज सिक्किममा ड्रग्सको रगरगी बड़ेको, पड़े लेखेका युवा-युवतीहरू

डिग्री बोकी नोकरी नपाएपछि डोरी लिएर आत्महत्य गर्न  वाध्य बनेका छन्। सिक्किममा बर्षेनी 274 आत्महत्या हुने गरेको, वेरोजगार दर 20.7 रहेको, वालिकामाथि अपराध दिनौदिन बड़ीरहेको जस्ता मुद्दामाथि सरकारको कुनै नीति नरहेको विषय बताउँदै वहाँले अब आउने सरकार गाउँमुखी बनाउने र गाउँमै सुःख सुविधा उपलब्ध सरकारी कार्यालयहरू बनाउने सिटिजन एक्सन पार्टी-सिक्किमको नीति रहने, युवा वोरोजगारहरूलाई सम्मान अवसर प्रदान गर्ने आदि विषयहरूमा आफ्नो सम्वोधन राख्नु भयो। सभालाई प्रचारर-प्रसार शाखाका कार्यकारी अध्यक्ष श्री एमबी लिम्बूले 100 दिनमा लिम्बू-तामाङ सीट ल्याउने ढोल पिटेको एसकेएम पार्टीको सरकारले 4 वर्षमा पनि लिम्बू-तामाङ सिटको फर्मुला दिन नसक्नु सिक्किमे लिम्बू-तामाङलाई सोझै अन्याय हो र सिटिजन एक्सन पार्टी-सिक्किमले आउने दिनहरूमा 20 वर्षदेखि थातीमा रहेको यो सीट हल गर्ने कटिवद्धता जाहेर गर्दै पूर्व मुख्यमन्त्री श्री पवन चामलिङ अनि वर्तमान मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ दुवै एकै किसिमका ढटुवारे नेताहरू हुन् यिनीहरू जनताप्रति पटक्कै इमान्दार नरहेको र केवल आफ्नो परिवारको समराज्यलाई फैल्याउने व्यापारीहरू मात्र हुन्।  आजको सञ्चालन गरेको कार्यक्रममा पार्टीका विभिन्न नेताहरूले पनि अब सिटिजन एक्सन पार्टी नै सिक्किमेहरूको भाग्य र भविष्य हो भन्ने विषयमाथि जोड़ दिए।

**खगेन दहाल,**
**अध्यक्ष**
**प्रचार प्रसार शाखा, गेजिङ जिल्ला**
**सिटिजन एक्सन पार्टी - सिक्किम।**